☎ ०७८-५४०१७०, ५४०४१५

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी
गण्डकी प्रदेश, नेपाल

च.नं.: ९१४९
प.सं.:०७६/०७७

मिति :२०७७/१/३१

## विषय :- सुचना ।

१. कावासोती नगरपालिका नगरक्षेत्र भित्र बन्ने निजि भवन, टहरा, पर्खाल तथा सरकारी भवनहरु भवन मापदण्ड वमोजिम यस नगरपलिकाबाट स्वीकृती लिएर मात्र निर्माण कार्य सुरु गर्नु पर्नेछ ।

२. यस नगरक्षेत्र भित्रका सडकहरुमा भौतिक संरचनाहरु निर्माण गर्दा सडकअधिकार समेत पालना नगरी विच बाटोमा ढुङगा, गिटटी, वालुवा तथा अन्य निर्माण सामाग्रीहरु समेत थुपारी सवारी आवागमन तथा पैदल यात्रुहरुलाई प्रत्यक्ष रुपमा असर पर्ने काम भईरहेको र कनै पनि वेला दुर्घटना हुनसक्ने भएकोले सम्वन्धित घर धनिले ७ दिन भित्र निर्माण सामाग्री हटाई दिन हुन अनुरोध गरिन्छ । यदि सुचनाको अटेर गरि समयाअवधीमा उक्त सामानहरु नहटाएको देखिएमा प्रचलित कानुन वमोजिम कार्वाही गरिने व्यहोरा जानकारी गराईन्छ ।

४. नयाँ भवन निर्माण गर्दा अनिवार्य रुपमा सेप्टिक ट्याङकी तथा सोक पिट बनाउनु पर्नेछ र यस्ता संरचनाहरु बनाउदा **Set Back Area** भित्र बनाउन पाईने छैन । घर भवनको छतबाट आउने आकासे पानी वाहेक अन्य पानी /तरलजन्य पदार्थ सडक छेउमा खुल्ला छोड्न पाईने छैन ।

५. भवन संरचना बनाउदा न.पा. बाट स्वीकृती भएको हुनुपर्नेछ र यस कार्यालयका प्राविधिकबाट निरिक्षण गर्दा स्वीकृत नक्शा वमोजिमको निर्माण कार्य नभएको खण्डमा न.पा.ले तत्काल निर्माण कार्य रोक्ने छ । साथै अटेर पुर्वक निर्माण कार्य गरेमा स्थानीय सरकार सन्चालन ऐन वमोजिम कारबाही हुनेछ ।

६. क र ख वर्गका भवन बनाउदा अनिवार्य रुपमा **Structure Engineer** बाट **Structural Analysis Report** तयार गरि पेश गर्नुपर्नेछ र **Heavy Structure** निर्माण गर्दा यस न.पा.को प्राविधिक समितीको निर्णय वमोजिम हुनेछ ।

कीर्तनराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कीर्तनराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत